सूचना !　　　　　　　　　　सूचना !!　　　　　　　　　　सूचना !!!

**खडक नगरपालिकाको अत्यन्त जरुरी सूचना**
**प्रथम पटक प्रकाशित**
**मिति २०७५/०५/०१**
**आ.व.२०७५/०७६ को हटिया ठेक्का र पोखरी ठेक्का सम्बन्धी सिलवन्दी दरभाउ आह्वानको सूचना !**

उपरोक्त सम्वन्धमा खडक नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको वैठक र नगर कार्यपालिकाको मिति २०७५/४/२१ गतेको निर्णयानुसार नगरपालिकाको आन्तरिक स्रोत वृद्धिको लागि निम्नानुसारको पोखरी र हटिया ठेक्का लगाउनु पर्ने भएकोले तपसिलको शर्तको अधिनमा रही इच्छुक व्यक्ति/संस्थाहरुवाट रित पुर्वकको सिलवन्दी दरभाउ पत्र आह्वानको लागि यो १५ दिने सुचना प्रकाशन गरिएको छ ।

**निम्न**

| सि.नं. | विवरण | न्युनतम कबोल अंक रु. | फारम दस्तुर | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | कल्याणपुर हटिया खडक न.पा.-७ | ३०००००।- | ५००।- | आ.व.२०७५/७६ | |
| २. | विसनपुर हटिया(गुदरी हटिया)खडक न.पा.-८ | ५१००००।- | ५००।- | आ.व.२०७५/७६ | |
| ३ | दक्षिण बारी टोल भदिया डवरा पोखरी खडक न.पा.-८ | ३००००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ४ | दक्षिण बारी टोल भदिया डिहबार मन्दिर नजिकको पोखरी खडक न.पा.-८ | ४५०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ५ | विसनपुर रामजानकी गुठिको पोखरी खडक न.पा.-८ | ६००००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ६ | चौधरी टोल भदियाको पोखरी खडक न.पा.-८ | ७५०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ७ | ढोलवजाको सार्वजनिक डवरा पोखरी खडक न.पा.-८ | ३००००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ८ | अन्दुलेखि कृषि बजारको हटिया खडक न.पा.-४ | १५००००।- | ५००।- | आ.व.२०७५/७६ | |
| ९ | अमहा रोड छेउको पोखरी खडक न.पा.-४ | ५१०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| १० | पुरानो पोखरी खडक न.पा.५ | ८००००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| ११ | रंजितपुरको उत्तर वरिया पोखरी खडक न.पा.-५ | ६००००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| १२ | रंजितपुरको दक्षिण वरिया पोखरी खडक न.पा.-५ | ५५०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| १३ | मेघवारीको मुसहरनिया खोलाको दह खडक न.पा.-५ | ४५०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |
| १४ | खरचुहिया वजारको गुदरी हटिया खडक न.पा.-५ | १,१०,०००।- | ५००।- | आ.व.२०७५/७६ | |
| १५ | खेसराहामा रामजानकी गुठीको पोखरी खडक न.पा.-८ | १८३०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |

**नियम तथा शर्तहरु :**

१.फारम दस्तुर हटिया/पोखरीको लागि रु. ५००।-( पछि फिर्ता नहुने गरी )नगद लाग्ने छ । फारम खडक न.पा. को राजस्व शाखा वाट उपलब्ध हुनेछ ।

Scanned by CamScanner

२.सिलबन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति २०७५।०५।१५ गते शुक्रबार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

३.सिलबन्दी दरभाउ पत्र मिति २०७५।५।१७ गते आइतबार समय ११:०० बजे खोलिने छ ।

४.कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फारम स्वतः रद्ध हुनेछ ।

५.एक ठेक्कामा कम्तीमा ३ जना व्यक्ति वा संस्थाको सिलबन्दी पुगेको हुनु पर्ने हुन्छ ।

६.हटियाको दर रेट साविक बमोजिम हुनेछ र सो ठेक्कामा गुदरी हाट समेत पर्नेछ ।

७.धरौटी वापत ५ प्रतिशत रकम सोही ठेक्का स्वीकृत भइसके पछि नगद बुझाउनु पर्नेछ ।

८.एकमुष्ट सात दिन भित्र रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिइनेछ । यदि एकमुष्ट रकम नबुझाएमा पहिलो किस्ता ४० प्रतिशत, दोस्रो किस्ता ३० प्रतिशत र तेस्रो किस्ता ३० प्रतिशत भुक्तानी गर्नु पर्नेछ । र धरौटी ५ प्रतिशत सम्पुर्ण तिर्नु पर्ने रकम तिरे पश्चात आ.व.को. अन्तिममा फिर्ता गरिनेछ ।

९.एकमुष्ट वा प्रथम किस्ता वापतको ४० प्रतिशत रकम सात दिन भित्र बुझाई चलान पुर्जा लिनु पर्नेछ । नबुझाएमा नियमानुसार सिलबन्दी परेका अन्य व्यक्ति वा संस्थाहरुलाई नियमानुसार ठेक्का दिइनेछ ।

१०.कर पुर्जा अनिवार्य लागु गर्नु पर्ने छ । र पुर्जा रसिद ठेकेदार स्वयंमले नै छपाउनु पर्नेछ ।

११.कर वापत हटियामा जिन्सी सामान उठाउन पाईने छैन ।

१२. दोश्रो पक्षले कार्यक्रम सञ्चालन सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार गर्नु पर्नेछ ।

१३.कवोल अंक स्वीकृत भएपछि सम्वन्धित ठेकेदारले राष्ट्रिय वाणिज्य बैंक राजविराज सप्तरी स्थित यस कार्यालयको संचित कोष खाता नं.२१८०३०४०१८१०५ मा नगद जम्मा गर्नुपर्ने छ ।

१४.ठेकेदारले सम्झौताको शर्त र नियम प्रचलित ठेक्का सम्झौता ऐन नियम तथा न.पा.को प्रत्यक्ष निति निर्देशनमा रही सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै समयमा न.पा.ले एक तर्फी सम्झौता भङ्ग गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ । सो निर्णय उपर कहीं कतै उजुर वाजुर लाग्ने छैन ।

१५.ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

१६.साविक गा.वि.स. पेश्की बाँकी, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस न.पा.मा नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन ।

१७.ठेक्का बन्दोवस्त भई रहेको अवस्थामा रहेका पोखरी र हटियाको अवस्थामा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन् साथै पोखरीहरु सामान्य मर्मत संभार गर्नु परे ठेक्केदार स्वयंमले गर्नु पर्ने र सामान्य मर्मत संभारको रकम न.पा.मा दावि गर्न पाईने छैन ।

१८.ठेक्का बन्दोवस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम ठेक्केदार नै हुनुपर्ने र सो को कबोल गरेको रकममा मिन्हा हुने छैन ।

१९.एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको सिलवन्दी दरभाउ फाराम अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइने छैन ।

२०.हटिया ठेक्का/पोखरी ठेक्का सम्वन्धी अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

.............................

निरज कुमार देव

नि. प्रमुख प्रशासकिय अधिकृत

निरज कुमार देव

निमित प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner